महाशिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बालाकोट, पर्वत

प.सं. : ०७७/०७८
च.नं. :

गण्डकी प्रदेश,नेपाल
9857675111
website: www.mahashilamun.gov.np
Email: mahashilagapa@gmail.com


मिति :२०७७।१२।२४

## दर्ता शिविर सञ्चालन गर्ने सम्बन्धको अत्यन्त जरुरी सूचना !

प्रस्तुत सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६बमोजिम व्यक्तिगत घटना दर्ता (जन्म,मृत्यु विवाह,बसाइँसराई र सम्बन्ध विच्छेद) घटना घटेको ३५ दिन भित्र सम्बन्धित स्थानीय तहमा दर्ता गराउनु पर्ने भन्ने कानुनी व्यवस्था रहेको छ। स्थानीय पञ्जीकाधिकारीको कार्यालय स्थापना गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता प्रदान हुदै आएको सन्दर्भमा नागरिकलाई घरदैलोमै सेवा प्रदान गर्ने उद्देश्यल नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागद्वारा दर्ता शिविर सञ्चालन गर्ने कार्यक्रम रहेको छ। उक्त दर्ता शिविरमा व्यक्तिगत घटना दर्ताको निवेदन संकलन, रुजु तथा प्रमाणपत्र जारी,सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको निवेदन संकलन, लगत कट्टा, व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धी गुनासो व्यवस्थापन जस्ता कार्यहरु गर्नका लागि १८ वर्ष उमेर पुगेको, आफ्नै ल्यापटप कम्प्युटर भएको,युनिकोड टाईपिङ्ग गर्न सक्ने र तोकिएको योग्यता पुगेका इच्छुक व्यक्तिहरुलाई यस कार्यालयको राजश्व शाखामा रु. ४००।- बुझाएको रसिद सहित मिति २०७७।१२।३१ गते भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपसिल

- **सेवाको किसिमः** करार (बढिमा १ महिनासम्म-स्थलगत रुपमा कार्यको अवस्था **बमोजिम)**
- **आवश्यक न्यनतम शैक्षिक योग्यताः** प्रविणता प्रमाणपत्र तह (+2) उत्तीर्ण गरी आधारभुत कम्प्युटरको तालिम प्राप्त गरेको (डाटा इन्ट्रि सम्बन्धी तालिम प्राप्त गरेकोलाई विशेष प्राथमिकता दिइने।)
- **दरखास्त दिनुपर्ने अन्तिम मितिः** २०७७।१२।३१ गते कार्यलय समय भित्र ।
- **कामको विकास र क्षेत्रः** कार्यक्षेत्रगत शर्त (TOR) मा भए बमोजिम । TOR महाशिला गाउँपालिकाको वेवसाइट www.mahashilamun.gov.np मा राखिएको छ ।
- **आवश्यक कागजातः** हस्तलिखित निवेदन,नेपाली नागरिकताको प्रतिलिपि,व्यक्तिगत विवरण(Bio-Data),शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,तालिम तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि।

.......................................
बुद्धिराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत